पालुङटार नगरपालिकाको १७ औं नगर सभामा

नगर उप-प्रमुख श्री वन्दना पाण्डेद्वारा पेस भएको

# आर्थिक वर्ष २०८२/०८३ को

# वजेट वक्तव्य

पालुङटार नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, ठाँटीपोखरी, गोरखा

गण्डकी प्रदेश, नेपाल ।

२०८२ असार ७ गते

**नगरसभा अध्यक्ष ज्यू,**

१. स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१को व्यवस्था बमोजिम यस गरिमामय १७औं नगरसभा समक्ष आर्थिक वर्ष २०८२/०८३ को राजश्व र व्ययको अनुमान प्रस्तुत गर्न चाहन्छु ।

२. यस महत्वपूर्ण अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि भएको महान जनयुद्ध, जनआन्दोलन लगायत सम्पूर्ण राजनैतिक परिवर्तनको आन्दोलनहरुमा उच्च शाहदत प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै सम्पूर्ण घाइते, वेपत्ता तथा सहिद परिवारजनहरुप्रति उच्च सम्मान प्रकट गर्दछु। मुलुकको राजनीतिक तथा सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने अग्रजहरुप्रति आदारभाव तथा स्मरण गर्दछु ।

३. **"समाजवादको आधार निर्माणको अभियान, सुन्दर, समृद्ध पालुङटार हाम्रो शान"** भन्ने नारालाई सार्थक तुल्याउने गरी १७ औं नगर सभाबाट पारति आर्थकि वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम अनुसार प्रस्तावित बजेटको कार्यान्वयन लागि आगामी आर्थिक वर्षमा संघ र प्रदेश सरकारबाट प्राप्त हुने समानिकरण अनुदान, विशेष अनुदान, शसर्त अनुदान र राजश्व बाँडफाँडका साथै नगरपालिकाको आन्तरिक आम्दानी समेतको आधारमा आर्थिक वर्ष २०८२/०८३ को लागि प्रस्तावित आय/व्यय विवरण यस नगरसभा समक्ष पेस गर्दछु।

## नगरसभा अध्यक्ष ज्यू,

अब म पालुङटार नगरपालिकाको बजेट तथा कार्यक्रमका मुख्य उद्देश्यहरु यस गरिमामय सभा समक्ष पेश गर्ने अनुमति चाहन्छु :

१. आर्थिक बृद्धि र रोजगारी सिर्जना
२. शिक्षा, स्वास्थ्य लगायत सामाजिक विकास क्षेत्रको सेवा विस्तार
३. स्थानीय पूर्वाधार विकास
४. सामाजिक न्याय र समावेशी विकास
५. शुसासन, पारदर्शिता र सेवा प्रवाहमा सुधार
६. वातावरण संरक्षण, दिगो विकास र विपद् व्यवस्थापन
७. विपद् जोखिम न्यूनीकरण

## नगरसभा अध्यक्ष ज्यू,

अब म पालुङटार नगरपालिकाको बजेट तथा कार्यक्रमका मुख्य आधारहरु गरिमामय सभा समक्ष पेश गर्ने अनुमति चाहन्छु :

- नेपालको संबिधान
- संघीय र प्रदेश सरकारले अबलम्वन गरेका आर्थिक तथा वित्तीय नीति,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- बालमैत्री स्थानीय शासन र वातावरणमैत्री स्थानीय शासन
- निर्वाचनमा प्रस्तुत गरिएको घोषणापत्र
- पालुङटार नगरपालिकाको प्रथम आवधिक योजना

- स्रोत अनुमान तथा वजेट सिमा निर्धारण समिति, वजेट तथा कार्यक्रम तर्जुमा समिति, राजश्व परामर्श समिति, विषयगत समिति लगायत समितिबाट प्राप्त प्रतिवेदन तथा सुझावहरु
- वडास्तरबाट आएका सुझाबहरु
- विभिन्न राजनीतिक दलहरु, संघसस्थाहरु, नगरवासीहरुको सल्लाह सुझावहरु।

**नगरसभा अध्यक्ष ज्यू,**

अब म यस नगरपालिकाको आगामी आर्थिक बर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रमका प्राथमिकता प्रस्तुत गर्न चाहन्छु

१. आर्थिक विकास, कृषि तथा खाद्य सुरक्षा

२. निशुल्क र अनिवार्य शिक्षा

३. दिगो पूर्वाधार विकास

४. आधारभूत स्वास्थ्य

५. सुशासन तथा संस्थागत विकास

६. लैङ्गिक समानता र सामाजिक समावेशीकरण

७. वातावरण संरक्षण तथा विपद व्यवस्थापन

**नगर सभा अध्यक्ष ज्यू,**

**अब म चालु आ.ब. २०८१/०८२ को कार्यक्रमहरुका हालसम्मको प्रगतिको सक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु :**

## १. वित्तिय प्रगति विवरण

चालु आर्थिक वर्षमा कुल विनियोजित बजेट रु ८७ करोड ७ लाख ३० हजार ४ सय ५१ रुपयाँ पैसा २३ मध्ये चालु तर्फ रु  ५९ करोड ४ लाख ९० हजार ४ सय ५१ रुपयाँ २३ पैसा  पुजिंगत तर्फ २८ करोड २ लाख ४० हजार भएकोमा हालसम्मको औसत खर्च ४९ करोड ७८ लाख ८ हजार १ सय १६ रुपयाँ ५२ पैसा खर्च भएको छ। जुन कुल विनियोजनको ५७ दशमलव १७ प्रतिशत हुन आउछ। जसमा पूंजीगत खर्चतर्फ ४७.४१ प्रतिशत र चालु तर्फको खर्च ६१. ८ प्रतिशत रहेको छ । चालु आ.व.को अन्त्य सम्ममा औषत खर्च रु ६६ करोड १७ लाख ५५ हजार १ सय ४३ रुपैया हुने अनुमान गरिएको छ । जुन कुल विनियोजनको ७६ प्रतिशत हुन आउछ ।

चालु आर्थिक वर्षमा आन्तिरक आय तर्फ कुल अनुमान ३ करोड मात्र रहेकोमा हालसम्म यथार्थ आम्दानी रु २ करोड ५३ लाख ६७ हजार ७ सय ७४ रुपैया रहेको छ। जुन कुल अनुमानको ८४ दशमलव ५ प्रतिशत हुन आउछ । यस आर्थिक वर्षको अन्त्यसम्ममा ९० प्रतिशत लक्ष्य प्राप्ती हुने संसोधित अनुमान रहेको छ

## २. हालसम्मका कार्यक्रमगत उपलब्धिहरु

### १. आर्थिक उपलब्धि

- ❖ दुध र मासुमा आत्मानिर्भर पालुङटार भन्ने रणनीतिलाई आत्मसात गर्दै पालुङटार नगरपालिका वडा नम्बर ७ को जुडीखोला, ८ को दुभार, ९ को शेरा र ४ को

बडडाँडामा कृषि तथा पशु विकास कार्यक्रम सञ्चालन गरी दैनिक २०५० लिटर दुध निर्यात भैरहेको छ ।

- ❖ भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सहकार्यमा पशुचौपायको गणना सम्पन्न भएको छ । जस अनुसार ४,४०० गाई ६,४९२ भैसी, ३९,३४० बाख्रा, १,८०६ बुंगुर,२,३८२ कुकुरको संख्या एकिन गरिएको छ।
- ❖ पालुङटार नगरपालिका वडा नं ६, ७ र ८ मा तीन वडा लिची ब्लक क्षेत्रको रुपमा विकास गरी ५० प्रतिशत अनुदानमा विरुवा वितरण गरिएको छ ।
- ❖ वडा नं ९ र १० मा अमिलो जातका फलफुल उत्पादन पकेट क्षेत्र विकास, वडा नम्बर १,२ र ३ लाई अमिलो जातको फलफुल पकेट क्षेत्रको रुपमा विकासका निम्ति कृषि ज्ञान केन्द्र गोरखा र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना संग सहकार्य गरी योजना तथा कार्यक्रम संचालन गरिएको छ ।
- ❖ नगरपालिकामा रहेका वास्तविक किसानको पहिचानका लागि किसान सूचीकरण कार्य गरिदै आएको छ, वडा नं. ६, ७, ८, ९ र १० मा २१९७ किसान सूचीकरण भएका छन्।वडा नं. ४ र ५ चालु आ.व.मा किसान सूचीकरण कार्य सम्पन्न गर्ने लक्ष्य लिइएको छ।
- ❖ खाद्य सुरक्षाका लागि मकै, गहुँ तथा धान बाली प्रवर्धनका लागि २.६ मे.ट. उन्नत मकैको विउ, २५ मे.ट. उन्नत जातको धानको विउ वितरण, गहुँ बालीको विस्तारका लागी १ मे.ट. उन्नत जातको गहुँको विउ वितरण कार्य गरिएको छ।
- ❖ आलुबाली पकेट क्षेत्र संचालनका लागि २५ मे.टन आलुको बिउ ५० प्रतिशत अनुदानमा वितरण गरी १२५ हेक्टर क्षेत्रफलमा आलुखेति विस्तार गरिएको छ।

- घाँसमा आधारित पशुपालन व्यवसायलाई प्रोत्साहन गर्न पशुपालक कृषकहरुका लागि वर्षै भरि हरियो घाँस कार्यक्रम अन्तर्गत २००० के.जी जै घाँसको विउ र १२०० के.जी मकैचरी घाँसको विउ वितरण गरिएको छ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत सूचिकृत बेरोजगारहरुलाई प्राथमिकताको आधारमा छनोट गरि ७२ जनालाई न्युनतम १०० दिनको रोजगारीको व्यवस्था मिलाइएको छ।
- वैदेशिक रोजगारीमा जाने २५२ जना व्यक्तिहरुको पुनः श्रम स्वीकृतिमा सहजीकरण गर्नुका साथै वैदेशिक रोजगारमा गएका श्रमिकहरुका १४ परिवारलाई उपचार खर्च रकम उपलब्ध गराउन सहजीकरण गरिएको छ।

## २. सामाजिक उपलब्धि

- सामुदायिक विद्यालयहरुमा सवारीसाधन (स्कुल बस) संचालन गर्ने कार्यक्रम अन्तर्गत हालसम्म अमरज्योति जनता मा.वि, भवानी मा.वि, जीवनज्योति मा.वि, जनता मा.वि, अन्नपूर्ण मा.वि. गरी जम्मा ५ वटा विद्यालयहरुमा स्कुलबस संचालन गरिएको छ ।
- आँपपिपल अस्पतालको स्तरउन्नोती सहित प्रदेश सरकार मार्फत संचालन गर्ने निर्णय भए बमोजिम विधिवत् रुपमा प्रदेश सरकारलाई हस्तान्तरण गरिएको छ।
- बालमैत्री स्थानीय शासन प्रवर्धनका कार्यहरु र बालमैत्री विद्यालय पूर्वाधार विकास कार्यक्रम संचालन गरिँदै आएको छ ।

❖ सामुदायिक तथा संस्थागत विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारका लागि एस.इ.इ लक्षित छात्रावास कार्यक्रम र कक्षा ५, ८ र ९ को नगर स्तरीय परीक्षा संचालन गरिएको छ ।

❖ समुदाय स्तरका, विद्यालय स्तरका र राष्ट्रपति रनिङ्गशिल्ड लगायत अन्य खेलकुद कार्यक्रम सम्पन्न भएको छ ।

❖ चालु आर्थिक वर्षमा विद्यार्थी संख्याको आधारमा ७ वटा विद्यालयहरु समायोजन भएको छ ।

❖ ग र घ वर्गका अपाङ्गता भएका व्यक्तिहरुको निशुल्क स्वास्थ्य विमा कार्यक्रम अन्तर्गत ८४ जनाको निशुल्क स्वास्थ्य विमा गरिएको छ ।

❖ आयुर्वेदिक चिकित्सामा आधारित घुम्ती स्वास्थ्य शिविर सबै वडाहरुमा संचालन गरिएको छ।

❖ फोहोर व्यवस्थापनका लागि फोहोरमैला प्रशोधन केन्द्र संचालन गरिएको छ ।

❖ लिगलिगकोट, हर्मिकोट, मिरकोटगढी (कोटगढी), लाजीकोट, सिद्धगुफा थान, अन्नपुर्ण मन्दिर लगायत पर्यटकीय क्षेत्रमा पर्यटन प्रवर्धन तथा पूवार्धार निर्माण कार्य गरिएको छ ।

❖ नगरपालिका भित्र बसोवास गर्ने नागरिकको वित्तीय पहुँच सदुपयोगको लागि गाउँ गाउँमा वित्तीय सक्षरता कार्यक्रम संचालन गरिएको छ ।

❖ गरिब बिरामीसँग मेयर कार्यक्रम अन्तर्गत ६३ जना गरिब, असहाय, विपन्न वर्गका विरामीलाई उपचार खर्च उपलब्ध गराईएको छ ।

❖ जेष्ठ नागरिक घरदैलो कार्यक्रम अन्तर्गत ४२०२ जना जेष्ठ नागरिकलाई घरदैलो मार्फत आधारभूत स्वास्थ्य सेवा प्रदान गरिएको छ।

- ❖ संस्थागत सुत्केरी सेवालाई प्रवर्धन गर्न ६२ जनालाई निशुल्क एम्बुलेन्स सेवा, ६७ जनालाई प्रसुती केन्द्रमा भान्छा घर सेवा, र १०८ जनालाई उपप्रमुखसँग सुत्केरी पोषण कार्यक्रम मार्फत सेवा प्रदान गरिएको छ ।
- ❖ नमुना दलित बस्ती विकास कार्यक्रमको लागि वडा नं ७ को खाल्टेलाई छनोट गरि कार्य प्रारम्भ गरिएको छ ।
- ❖ नगरस्तरीय महिला संजाल मार्फत मागमा आधारित सिप विकास तालिम सञ्चालन गरी महिलाहरुलाई प्रत्येक्ष रोजगारीमा जोड्ने गरी २० जनालाई ३० दिने अटो ड्राईभिङ, २० जनालाई ६५ दिने गार्मेन्ट तालिम र १७ जनालई नौमति बाजा तालिम लगायत विभिन्न सिप विकास तालिम सम्पन गरिएको छ।

## ३. भौतिक उपलब्धि

- ❖ चालु आर्थिक वर्षमा हालसम्म, १४२८ मिटर सडक ढलान सम्पन भएको, ३०३० मिटर सडक कालोपत्रेको कार्य अन्तिम चरणमा रहेको र ११ हजार मिटर सडक ग्राबेल सम्पन्न भएको छ ।
- ❖ स्तरोन्नति भएका सडकहरुमा ४७१४ मिटर पक्की र ४२०० मिटर कच्ची नाला निर्माण सम्पन्न भएको छ ।
- ❖ खानेपानी तर्फ ६५ वटा आयोजना सम्पन्न गरिएको छ ।
- ❖ ८० वटा सामुदायिक भवन निर्माण तथा मर्मत सम्पन्न भएको छ।
- ❖ १० वटा मन्दिर निर्माण तथा मर्मत कार्य सम्पन्न भएको छ ।
- ❖ सिँचाई तर्फ ३७७२ मिटर पक्कि कुलो निर्माण तथा मर्मत कार्य सम्पन्न भएको छ ।
- ❖ ३७८० मिटर सिढि निर्माण सम्पन्न भएको छ ।

- ५ वटा सिचाँई बाँध निर्माण सम्पन्न भएको छ ।
- ८७६५ घनमिटर तारजाली तटबन्धन गरी नदि नियन्त्रण तथा सडक संरक्षण कार्य गरिएको छ ।
- २०० मे.टन क्षमताको कोल्डस्टोर निर्माण सम्पन्न भई सञ्चालनको चरणमा रहेको छ। अर्को २०० मे.टन क्षमताको कोल्डस्टोर निर्माणको अन्तिम चरणमा रहेको छ।

## ३. संस्थागत उपलब्धिहरु

- गत आ.व. को तुलनामा स्थानिय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा १६.५% ले वृद्धि भइ ९५.७५ अङ्क हासिल गरिएको छ भने स्थानीय तह वित्तिय सुशासन जोखिम मूल्याङ्कन (FRA) मा २८.५% ले वृद्धि भइ ८५.५% अंक हासिल भएको छ ।
- सुशासन अभिवृद्धिका लागि नगरपालिकाबाट प्रवाह हुने सेवाको बारेमा आम जनतालाई जानकारी दिन, जनगुनासो र सल्लाह सुझाव लिन ३ वटा सार्वजनिक सूनुवाई कार्यक्रम सम्पन्न गरिएको छ ।

**नगरसभा अध्यक्ष ज्यू,**

४. अब म यस नगरपालिकाको आगामी आर्थिक बर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रमको स्रोत अनुमान प्रस्तुत गर्न चाहन्छुः

| आय विवरण | | | |
|---|---|---|---|
| क्र.स | बजेटको श्रोत | अनुदान विवरण | अनुमानित आय |
| १ | नेपाल सरकार | | |
| १.१ | नेपाल सरकार | समानीकरण अनुदान | १६ करोड ६९लाख |
| १.२ | | सशर्त अनुदान | ३८ करोड ६१ लाख |
| १.३ | | समपुरक अनुदान | ३ करोड ५७ लाख |
| १.४ | | बिशेष अनुदान | ६९ लाख |
| १.५ | | राजस्व बाडफाँड | १२ करोड ७५ लाख |
| | नेपाल सरकार बाट प्राप्त जम्मा आय | | ७२ करोड ९४ लाख |
| २ | | | |
| २.१ | गण्डकी प्रदेश | समानीकरण अनुदान | २ करोड ४३ लाख ४५ हजार |
| २.२ | | समपुरक अनुदान | ६० लाख |
| २.३ | | बिशेष अनुदान | ४० लाख |
| २.४ | | राजस्व बाडफाँड/ सवारी साधन कर | १ करोड १८ लाख ६८ हजार |
| | गण्डकी प्रदेश बाट प्राप्त जम्मा आय | | ४ करोड ६२ लाख १३ हजार |
| ३ | | | |
| ३.१ | पालुङटार नगरपालिका | आन्तरिक आय | ३ करोड ५० |

| | | | |
|---|---|---|---|
| | | | लाख |
| ३.२ | | अल्या | २ करोड ५० |
| ३.३ | | घर जग्गा रजिस्ट्रेसन | ६० लाख |
| | पालुङटार नगरपालिकाको जम्मा आय | | ६ करोड ६० लाख |
| ३.४ | सडक बोर्ड नेपाल | | ४५ लाख |
| | आर्थिक वर्ष २०८२/०८३ को अनुमानित जम्मा आय | | ८४ करोड ६१ लाख १३ हजार |
| | | | |

**नगरसभा अध्यक्ष ज्यू,**

अब म आर्थिक वर्ष २०८२/०८३ को विषय क्षेत्रगत अनुमानित बजेट प्रक्षेपण गरिमामय सभा समक्ष पेस गर्न अनुमति चाहन्छु :

**१. आर्थिक विकास**

क) **कृषि तथा पशुपन्छी विकास**

कृषि क्षेत्रलाई नगरपालिकाको विकासको प्राथमिक क्षेत्रको रुपमा आगाडी बढाइने नीति कार्यक्रम संकल्पलाई पुरा गर्न देहाय बमोजिमको कार्यक्रम प्रस्ताव गरेको छुः

- **कृषकको हात स्थानीय सरकारको साथ** भन्ने मूल नारालाई आत्मासाथ गरी कृषि उत्पादनको बजारीकरणको समस्यालाई मध्यनजर गर्दै, हाटबजार, कृषि उपज संकलन केन्द्र तथा शीत भण्डारण केन्द्र सञ्चालन र बजार सम्म पहुँच विस्तारको लागि कृषि एम्बुलेन्स सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

- पालुङ्टार नगरपालिकालाई मासु र दुधमा आत्मनिर्भर बनाउने नगर गौरवको योजनालाई निरन्तरता दिएको छु।
- लोक कल्याणकारी किसान कोष मार्फत उत्पादनमा आधारित अनुदान कार्यक्रमलाई निरन्तरता दिएको छु। अमिलो जातको फलफुल पकेट विकास कार्यक्रम, मकै बाली प्रर्द्धन कार्यक्रम र रैथाने बाली प्रवर्द्धन कार्यक्रम लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- भूमि बैंक स्थापना गरी बाँझो जग्गालाई उपयोगमा ल्याउन आवश्यक रकम विनियोजन गरेको छु।
- कृषि तथा पशुपन्छी विकास तर्फ १ करोड २५ लाख विनियोजन गरेको छु।

**ख) उद्योग, व्यावसाय तथा रोजगार र सुरक्षित आप्रवासन**

- श्रमको सम्मान राष्ट्रको अभियान भन्ने मुल नारालाई आत्मसाथ गर्दै नगरपालिका भित्र सूचिकृत भएका वेरोजगारहरुलाई रोजगार सृजना गर्नका लागि आवश्यक रकम विनियोजन गरेको छु ।
- नगरपालिका भित्र रोजगारीको अवसर सिर्जना गर्ने उद्देश्यका साथ सिपमुलक, व्यावसायिक र क्षमता विकासका तालिमहरु सञ्चालन गरी लक्षित तथा विपन्न समुदायमा उद्यमशिलता विकास गर्न गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम सञ्चालनको लागि आवश्यक वजेट विनियोजन गरेको छु ।
- वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको तथ्याङ्क संकलन, संजाल गठन तथा सिपमुलक तालिम मार्फत क्षमता विकास कार्यक्रम संचालन गर्न सुरक्षित आप्रवासन तथा वैदेशिक रोजगार तर्फ रु १३ लाख ६१ हजार विनियोजन गरेको छु ।

- ❖ श्रमिक तथा पेशाकर्मीहरुको हक अधिकारको संरक्षण तथा व्यवसायिकता विकासको लागि श्रमिक सहकारी संस्था स्थापना गर्न आवश्यक वजेट विनियोजन गरेको छ।
- ❖ नगरपालिकाका भित्र रहेका सहकारीहरु मार्फत परिचालन हुने पुँजीलाई स्थानीय उत्पादनमा लगानी गरी समृद्धि संग जोड्नको लागि बचत तथा ऋण सहकारीहरुले कृषि क्षेत्रमा निश्चित ऋण परिचालन गर्नुपर्ने व्यवस्था गरेको छ।
- ❖ सहकारीहरुको संस्थागत क्षमता विकास, सुशासन, कार्य क्षमता अभिबृद्धि र सहकारी संजाल गठनको लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

**ग) पर्यटन विकास**

- ➢ **"पर्यटकीय क्षेत्रहरुको चिनारी, पर्यटकलाई जानकारी"** भन्ने मुल नाराका साथ नगरपालिका भित्र रहेका पर्यटकीय स्थलहरुको विकास, प्रवर्द्धन र प्रचार प्रसार लगायतका कार्यक्रम सञ्चालन गर्न २४ लाख ५० हजार विनियोजन गरेको छ।
- ➢ सहिद स्मृति पार्क निर्माण गर्न २ करोड १७ लाख ५० हजार व्यवस्था गरेको छ।
- ➢ चेपेघाट लिगलिगकोट तातोपानी कोटगढी लकाङकाली पदमार्गको लागि १ करोड २० लाख व्यवस्था गरेको छ।

**१)सामाजिक विकास**

**आधारभूत तथा माध्यमिक शिक्षा तर्फ**

- सरकारी कोषबाट पारश्रमिक तथा सेवा सुविधा प्राप्त गर्ने व्यक्तिहरुले आफ्नो छोराछोरीलाई सामुदायिक विद्यालयहरुमा अध्ययन गराएमा प्रोत्साहित गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।
- Friday for Future कार्यक्रम अन्तर्गत विद्यालयहरुमा हरेक शुक्रबार अनिवार्य रुपमा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न रु ७ लाख विनियोजन गरेको छु।
- प्रसुति बिदामा रहेका वा अन्य कारणले लामो समय विदामा रहेका शिक्षकको सट्टामा बिदा अवधिभर स्वंयसेवक शिक्षकको व्यवस्था गर्ने कार्यक्रम सञ्चालन गर्न १२ लाख विनियोजन गरेको छु।
- सामुदायिक विद्यालयमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरुको सामुहिक दुर्घटना बिमा कार्यक्रम सञ्चालन गर्न रु ८ लाख विनियोजन गरेको छु ।
- भौगोलिक कारणले अन्य विद्यालयमा समायोजन गर्न नसकिने न्यून विद्यार्थी संख्या भएका सामुदायिक विद्यालयहरुमा बहुकक्षा बहुस्तर शिक्षण पद्धतीबाट सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु।
- शिक्षाको पहुँचबाट टाढा रहेका बालबालिकाहरुलाई सहज पहुँच सुनिश्चितताको लागि छात्राबास वा यातायातको सुविधा उपलब्ध गराउन रु ३८ लाख वजेट विनियोजन गरेको छु।
- विद्यार्थीको मूल्याङ्कन प्रणालीलाई प्रभावकारी र गुणस्तरीय बनाउन कक्षा ५, ८ र ९ को नगरस्तरीय परीक्षा सञ्चालन गर्न रु १० लाख विनियोजन गरेको छु।
- दिवा खाजा कार्यक्रममा पत्रु खाना (Junk Food) निषेध गरी स्थानीय उत्पादनको प्रयोग मार्फत पोषणयुक्त खाजा व्यवस्थापन गर्न आवश्यक व्यवस्था मिलाएको छु।

- सरकारी तथा सामुदायिक शिक्षण संस्थामा प्राविधिक माध्यामिक शिक्षा अध्ययन गर्न चाहने विपन्न वर्गका जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउन आवश्यक वजेट विनियोजन गरेको छ।
- वृहत् शैक्षिक प्रदर्शनी मेला तथा प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गर्न र साथीबाट सिक्ने र साथीलाई सिकाउने (सहपाठी सिकाई) कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छ।
- आधारभूत तथा माध्यमिक शिक्षा तर्फ रु ३० करोड ६३ लाख विनियोजन गरेको छ।

**बालमैत्री स्थानीय शासन तर्फ**

- **पालुङटार नगरपालिकाको चाहना, बालमैत्री शासनको स्थापना** भन्ने नारालाई आत्मसात गर्दै नगरपालिकालाई संवत २०८३ असार मसान्त भित्र बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा सम्बन्धि कार्यक्रमहरु सञ्चालन गर्न रु ५० लाख विनियोजन गरेको छ।

**आधारभूत स्वास्थ्य**

- आधारभूत स्वास्थ्य सेवालाई सहज बनाउन बढी जनसङ्ख्या लाभान्वित हुने गरी उपयुक्त हुने भौगोलिक अवस्थितिको आधारमा उपयुक्त स्थानमा रहेको गाईखुर स्वास्थ्य चौकीलाई भोटेकाटेमा स्थानान्तरण र स्तरोन्नति गरी मेडिकल अधिकृत र ल्याव सहितको स्वास्थ्य सेवा उपलब्ध गराउन रु २० लाख विनियोजन गरेको छ।

- नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने आधारभूत स्वास्थ्य सेवालाई विश्वसनीय र प्रभावकारी बनाउन निःशुल्क वितरण गर्दै आएको ९८ प्रकारका औषधि तथा औषधीजन्य सामाग्रीहरु व्यवस्थापनको लागि रु २४ लाख ९६ हजार विनियोजन गरेको छु।
- संघीय सरकारसँगको सहकार्यमा नगरपालिकालाई मानसिक स्वास्थ्यमा नमुना नगरपालिका बनाउनका लागि योग, ध्यान शिविर लगायतका कार्यक्रम सञ्चालन गर्न रु १० लाख विनियोजन गरेको छु।
- अवकाश प्राप्त महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई अवकाश पश्चात प्रोत्साहित गर्ने र महिला स्वास्थ्य स्वयम् सेविकाको प्रोत्साहनका लागि यातायात खर्च उपलब्ध गराउन रु ३८ लाख ९० हजार विनियोजन गरेको छु।
- नगरबासीको स्वास्थ्यलाई मध्यनजर गर्दै स्वास्थ्य चौकीहरुमा विशेषज्ञ चिकित्सक सहितको घुम्ति सेवा र ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।
- गरीव बिरामीसँग नगरपालिका कार्यक्रम सञ्चालन गर्न रु १० लाख विनियोजन गरेको छु।
- शव व्यवस्थापनका लागि निशुल्क शव वाहन सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु।
- मातृशिशु स्वास्थ्य सुधार गर्न खोप, प्रसुति सेवा र पोषण सम्वन्धी कार्यक्रमहरु सञ्चालनको लागि नगरपालिकासँग गर्भवति तथा सुत्केरी पोषण कार्यक्रम सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु।

**खानेपानी तथा सरसफाई**

- आधारभूत खानेपानीमा पहुँच सुनिश्चितताको लागि एक घर एक धारा कार्यक्रमलाई निरन्तरता दिएको छ।
- जलस्रोतको दीगोपनाका लागि सबै वडाहरुमा एक वडा एक रिचार्ज पोखरी निर्माण गर्न आवश्यक वजेट विनियोजन गरेको छ।
- फोहोरमैला व्यवस्थापन सम्वन्धी सचेतनामुलक कार्यक्रम सञ्चालनको लागि आवश्यक व्यवस्था गरेको छ।
- खानेपानी तथा सरसफाई तर्फ रु ९४ लाख विनियोजन गरेको छ ।

**महिला, बालबालिका, जेष्ठनागरिक, लक्षित वर्ग तथा सामाजिक समावेशीकरण**

- आदिवासी जनजाति, दलित, उत्पीडित समुदाय, अपाङ्गता भएका व्यक्ति, एकल महिला, लैङ्गिक विभेद र घरेलु हिंसा पिडित लगायतका लक्षित वर्गलाई लैगिंक समानता तथा सामाजिक समावेशीकरणको मुलप्रवाहमा ल्याउने कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक वजेट विनियोजन गरेको छ।
- महिला लक्षित कार्यक्रम अन्तर्गत मागमा आधारित सिपमुलक तालिम कार्यक्रम सञ्चालन गर्न र स्थानीय सिप र कच्चा पदार्थको प्रयोगद्वारा निर्माण हुने हार्पिक, फिनेल, झोल साबुन तथा दुना टपरी लगाएत हस्तकलाका सामग्रीहरुको उत्पादन र सरकारी निकायहरुमा अनिवार्य प्रयोग तथा बजारीकरणका लागि कोशेली घर सञ्चालन गर्न आवश्यक व्यवस्था गरेको छ।

- "अहिलेका युवा संग उहिलेका कुरा" कार्यक्रम अन्तर्गत हरेक वडामा Senior Citizen Club गठन गरी जेष्ठ नागरीकको ज्ञान, सिप र अनुभवलाई नयाँ पुस्ता संग जोड्न मासिक रुपमा कार्यक्रम सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु।
- महिला, वालबालिका, जेष्ठनागरिक, लक्षित वर्ग तथा सामाजिक समावेशीकरण तर्फ रु ७२ लाख विनियोजन गरेको छु।

**खेलकुद, साहित्य, कला, सँस्कृति**

- एक वडा एक खेलकुद मैदान निर्माण गर्न, खुल्ला व्यायमशाला, नृत्य प्रशिक्षण केन्द्र आदिको स्थापना तथा सञ्चालन गर्न आवश्यक वजेट विनियोजन गरेको छु।
- नगर भित्रका लेखक, साहित्यकार तथा कलाकारहरुको प्रोत्साहन र विकासका लागि युवा प्रतिभाको खोजि तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गर्न आवश्यक व्यवस्था गरेको छु।
- नगर स्तरीय खेलकुद प्रतियोगिता लगायत खेल क्षेत्रको विकास र प्रवर्धनको लागि आवश्यक वजेट विनियोजन गरेको छु।
- विभिन्न जातजाति रितिरिवाज धर्म, संस्कृतिकको रक्षा र प्रवर्द्धन गर्न कला, भाषा, साहित्य र संस्कृति तर्फ आवश्यक वजेट विनियोजन गरिएको छ ।

**२) भौतिक पूर्वधार विकास**

- नगरपालिका भित्रका सडकहरुलाई सबै मौसममा सञ्चालन हुने गरि स्तरउन्नति गर्ने व्यवस्था गरेको छु । नगरपालिकामा सहज पहुँच

विस्तार गर्नका लागि ३ पाङ्ग्रे सवारी साधन सञ्चालनका लागि आवश्यक व्यवस्था गरेको छु ।

- ❖ नगरपालिका केन्द्रसंगको सहज यातायात पहुँच विस्तारको लागि नगर गौरवको सडक आयोजनाको रुपमा विरुवाटार कामधेनु गाई फर्म सडक स्तरोन्नतिको लागि १ करोड ७० लाख, राधाकृष्ण ठाँटीपोखरी सडक स्तरोन्नतिको लागि ७० लाख र समीफेद डुम्रेडाँडा सडक स्तरोन्नतिको लागि ६० लाख गरी जम्मा रु ३ करोड विनियोजन गरेको छु।
- ❖ संघीय सरकार र नगरपालिकाको समपुरक कार्यक्रम अन्तर्गत लुइटेल ओप्री कालामाटा सडक स्तरोन्नतीको लागि रु ६ करोड ७० लाख विनियोजन गरेको छु।
- ❖ नगरपालिका भित्रका सुख्खा क्षेत्रहरुमा सिँचाई सुविधा विस्तार गरी उत्पादन वृद्धि गर्न आवश्यक वजेट विनियोजन गरेको छु।

## ङ) सूचना तथा संचार

- ❖ नगरपालिकाको गतिविधिबारे आम जनतालाई समयमै सुसूचित गर्न **"सूचनाको जिम्मेवारी मिडियासँग साझेदारी"** कार्यक्रम अन्तर्गत सञ्चारकर्मीसँग १२ महिना १२ भेट कार्यक्रम सञ्चालनका लागि आवश्यक व्यवस्था गरेको छु ।

- ❖ व्यक्तिगत घटना दर्ता,नागरिकता सिफारिस, राजश्व संकलन, योजना अभिलेख लगायतका सेवाहरुलाई प्रविधिमैत्री बनाउन आवश्यक बजेट विनियोजन गरेको छु।

## ४. वन, वातावरण तथा विपद् व्यवस्थापन

### क)वन तथा वातावरण

- ❖ विपद् बाट उत्पन्न हुनसक्ने असहज परिस्थितिको आंकलन गरी जोखिम न्यूनीकरणको लागि नगरपालिकामा **Rapid Response Team(RRT)** को गठन तथा परिचालनको लागि विपद् व्यवस्थापन कोष मार्फत आवश्यक व्यवस्था मिलाएको छु।
- ❖ सडक निर्माण तथा प्राकृतिक स्रोतको उत्खनन् कार्य गर्दा अनिवार्य रुपमा प्रारम्भिक वातावरणिय परीक्षण (IEE) गर्नुपर्ने व्यवस्था गरेको छु।
- ❖ खेतियोग्य जग्गा संरक्षणको लागि बाढी पहिरोबाट कटान रोक्न तटबन्ध गर्ने कार्यको लागि आवश्यक रकम विनियोजन गरेको छु।

### ख) भूमी व्यवस्था

- ➢ सार्वजनिक, ऐलानी, सरकारी तथा पर्ति जग्गाहरुको एकीकृत विवरण तयार गरी व्यवस्थित अभिलेखीकरण, संरक्षण र उपयोग गर्न आवश्यक रकम विनियोजन गरेको छु।

- भूमि बैंकको अवधारणा लागु गरी बाँझो रहेका जमिनहरुलाई भूमि बैंक मार्फत उपयोगमा ल्याउनको लागि आवश्यक रकम विनियोजन गरेको छु।
- सार्वजनिक जग्गाहरुमा फलफुल तथा अन्य जातको रुख विरुवाको वृक्षरोपण गर्ने कार्यको लागि टोल विकास संस्थालाई प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

## ५. सुशासन तथा संस्थागत क्षमता विकास

- सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय, सर्वसुलभ र पारदर्शी बनाई जनतालाई सुशासनको अनुभुति दिन संस्थागत सुधार गर्दै जनप्रतिनिधि र कर्ममचारीहरुको क्षमता विकासका कार्यक्रमहरु सञ्चालनको लागि आवश्यक वजेट विनियोजन गरेको छु।
- कर्मचारीहरुको कार्य सम्पादन मुल्याङ्कनको आधारमा पुरस्कारको व्यवस्था गर्न आवश्यक वजेट विनियोजन गरेको छु।
- राजश्व सङ्कलन अभियान र शून्य वेरुजु अभियान सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- सबै वडाबाट प्राथमिकता निर्धारण भइ पेश हुने योजना तथा कार्यक्रमहरुको लागि रु ७ करोड सिमा निर्धारण गरेको छु।

## न्यायिक समिति

- न्यायिक समितिको काम कारवाहीलाई मेलमिलापको सिद्धान्तको आधारमा विवाद समाधान गर्न र न्यायिक प्रक्रियालाई छिटो छरितो र प्रभावकारी बनाउन आवश्यक व्यवस्था गरेको छु।

- न्यायिक समितिका सदस्यहरु तथा मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु।
- विवाद समाधान, मानव अधिकार प्रवर्द्धन र न्याय सम्पादनलाई स्वतन्त्र, निश्पक्ष र विश्वसनीय बनाउन समुदाय, टोल र विद्यालयमा कानुनी सचेतना तथा अभिमूखीकरण कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु।
- निःशुल्क कानुनी परामर्श र हिंसा निवारण कोषलाई निरन्तरता दिन आवश्यक व्यवस्था मिलाएको छु।

**सह - लगानीमा सञ्चालन गरिने योजना**

- **"दिगो विकासको आधार, साझेदारीमा पूर्वाधार"** भन्ने नारालाई आत्मसात गर्दै सामुदायिक भवनमा न्यूनतम ५०%, सडक कालोपत्रेमा न्यूनतम ४०% र सिंचाइमा न्यूनतम ३०% सह-लगानी गर्ने समुदायलाई First Come First Service को आधारमा आयोजनाहरु सञ्चालन गर्न रु ५० लाख विनियोजन गरेको छु ।

**राजश्व तथा आयको प्रक्षेपण**

**नगर सभा अध्यक्ष ज्यू**

**अब म आ.व. २०८२/०८३ को राजश्व र आयको प्रक्षेपण पेश गर्ने अनुमति चाहन्छुः**

❖ आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको जम्मा ८४ करोड ६१ लाख १३ हजार व्यय मध्य संघीय सरकारबाट प्राप्त अनुदान ७२ करोड ९४ लाख प्रदेश सरकारबाट प्राप्त अनुदान ४ करोड ६२ लाख १३ हजार आन्तरिक आय तर्फ ६ करोड ६० लाख सडक बोर्ड बाट ४५ लाख रहेको छ।

❖ संघीय सरकार र प्रदेश सरकारसंगको निर्भरतालाई क्रमश घटाउदै नगरपालिकाको आन्तरिक आय वृद्धिका लागि राजस्व सुधार कार्ययोजना अनुसार करको दायरा र दरमा समयानुकुल परिमार्जन एवम् संशोधन गरेको छ।

❖ सम्पत्ति कर र भूमि कर बुझाउने करदाताहरुको लागि निम्नानुशार १० शिर्षकहरुमा सेवा शुल्क पूर्ण छुट दिने व्यवस्था गरेको छ।

१.वंशजको आधारमा गरिने नागरिकता सिफारिश शुल्क।

२.आदिवासी जनजाती, दलित, अपांगता,एकल महिला, विपन्न सिफारिश शुल्क।

३.नामथर संशोधन सिफारिश शुल्क।

४.सूचना टाँस सिफारिश शुल्क।

५.जन्ममिति प्रमाणित सिफारिश शुल्क।

६.अबिबाहित र बिबाहित प्रमाणित शुल्क ।

७.सामाजिक सुरक्षा परिचयपत्र प्रतिलिपि वापतको दस्तुर ।

८.निवेदन शुल्क

९.लालपुर्जामा फोटो टाँस सिफारिस शुल्क

१०.उजुरी रोक्का निवेदन दस्तुर

- पशु सेवा अन्तरगत चालु आ.व.मा लिईदै आएको पशुपंक्षी दर्ता शुल्क, विभिन्न सिफारिस दस्तुर, पशु बन्धाकरण शुल्क, पशु उपचार शुल्क, दुध परिक्षण, पशु पोस्टमार्टम शुल्क लगायत पशुसेवा तर्फको सबै सेवाहरु निःशुल्क गरेको छु।
- नगरपालिका भित्र कार्यक्षेत्र सिमित रहेका कृषि तथा पशुपन्छी फर्म दर्ता र नविकरणमा ५० प्रतिशत छुटको व्यवस्था गरेको छु ।
- ग्रामिण कृषि अर्थतन्त्रको सुदृढिकरण र स्थानीय उत्पादनको प्रवर्द्धन तथा कृषि उपजको बजार सम्मको सहज पहुँचका लागि चालु आ.व.मा लिइदै आएको निकासी कर पुर्ण रुपमा खारेज गरेको छु ।

**वजेट सम्बन्धि विस्तृत विवरण आर्थिक विधेयक २०८२, विनियोजन विधेयक २०८२ र मध्यमकालिन खर्च संरचनामा समावेश गरिएको व्यहोरा सभा समक्ष जानकारी गराउँदछु।**

**नगरसभा अध्यक्ष ज्यु,**

संघ र प्रदेश सरकारबाट प्राप्त शसर्त अनुदान, विशेष अनुदान, सम्पुरक अनुदान अन्तर्गतका योजनाहरु समेत बजेट तथा कार्यक्रममा समाबेश गरिएको यस सभा सक्षम जानकारी गराउछु।

**नगर सभा अध्यक्ष ज्यु,**

**अन्तमा,**

यस गरिमामय सभामा मैले पेश गरेको आ.व.२०८२/०८३ को बजेट कार्यन्वयनबाट दिगो, भरपर्दो र उपयोगी पूर्वाधार विकास हुने, उत्पादन र उत्पादकत्वको वृद्धिका साथै कृषि उपजको बजार पहुँच विस्तार हुने तथा सामाजिक समावेशीकरणको माध्यमबाट सामाजिक न्याय र सुशासन स्थापनामा टेवा पुग्ने, अनिवार्य र निशुल्क शिक्षाको प्रत्याभुति, आधारभूत स्वास्थ्य सेवाको गुणस्तर वृद्धिका साथै नगरपालिकाको सार्वजनिक सेवा सुधार हुने अपेक्षा लिएको छु ।

यस गरिमामय समारोहमा पेश गरिएको बजेट तथा कार्यक्रममा सुझाव पृष्ठपोषण दिनुहुने नगर प्रमुख ज्यु, प्रमुख प्रशासकीय अधिकृत ज्यु, वडा अध्यक्ष ज्युहरु,नगर कार्यपालिका सदस्य ज्युहरु, पेसविद, वौद्धिक जगत, राष्ट्रसेवक कर्मचारी ज्यूहरु, निजि क्षेत्र, सञ्चार जगत, नागरिक समाज र सम्पूर्ण नगबासीहरुमा हार्दिक आभार व्यक्त गर्दछु ।

साथै बजेट कार्यन्वयनमा सबै पक्षको पूर्ण सहयोगको अपेक्षा गर्दै **"समाजवादको आधार निर्माणको अभियान, सुन्दर र सम्मृद्ध पालुङटार हाम्रो शान"** भन्ने नारालाई सार्थक तुल्याउन आह्वान समेत गर्दछु

**धन्यवाद**